गोरखा नगरपालिका
गोरखा नगरपालिकाको कार्यालय
नगर कार्यपालिका
गोरखा
हात्तीडाँढा, गोरखा
गण्डकी प्रदेश, नेपाल

## ढुंगा,गिट्टी,बालुवा उत्खनन गरि बिक्री गर्ने कार्यको बोलपत्र आव्हान सम्बन्धि सूचना

**दोस्रो पटक प्रकाशित मिति :- २०७७/११/०६**

यस नगरपालिकाको मिति २०७७/०९/२१ को निर्णय बमोजिम २०७७/०७८ को लागि ठेक्कादवारा गराउन यो सूचना प्रकाशित गरिएको छ । सूचना प्रकाशित मितिले तोकिएको म्याद भित्र कानुनी प्रक्रिया पुरा गरेको ईच्छुक व्यक्ति,फर्म वा कम्पनीहरुले फर्मको नविकरण भएको प्रमाणपत्र,मूल्य अभिबृद्धि कर दर्ता प्रमाणपत्र आ.व २०७६/२०७७ को कर चुक्ता प्रमाणपत्र र नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपिहरु संलग्न गरि तपसिल बमोजिमका शर्तहरुको अधिनमा रही बोलपत्र फारम दस्तुर जम्मा गरी देहायको मिति र समय भित्र बोलपत्र पेश गर्नहुन सूचित गरिन्छ । अन्य थप जानकारीका लागि यस कार्यालयको सुचनापाटि तथा कार्यालयको वेभ साईट www.gorkhamun.gov.np तथा कार्यालय समय भित्र यस कार्यालयको राजश्व शाखामा सम्पर्क राख्न सकिनेछ ।

**तपसिल**

| सी. न. | सूचना न. / बोलपत्र न. | बोलपत्रको नाम | उत्खनन गर्न सकिने परिमाण (घन फिट ) | न्यूनतम बोलपत्र रकम (सेवा शुल्क र मू.अ.कर बाहेक ) | धरौटी रकम | बोलपत्र फाराम दस्तुर (रु.) |
|---|---|---|---|---|---|---|
| ५ | ०५-२०७७/०७८ | राम शाह घाट | २६२७४१.०० | १५,७६,४४८ | कबोल अंकको ५ (पाँच) प्रतिशत | १००० |
| ६ | ०६-२०७७/०७८ | अजिङ्गरे घाट | ३०५११९.०० | १८,३०,७१४ | कबोल अंकको ५ (पाँच) प्रतिशत | १००० |
| ७ | ०७-२०७७/०७८ | जुम्लाङ घाट | २८६०४९.०० | १७,१६,२९४ | कबोल अंकको ५ (पाँच) प्रतिशत | १००० |
| ८ | ०८-२०७७/०७८ | शाह घाट | ४६०८५७.०० | २७,६५,१४१ | कबोल अंकको ५ (पाँच) प्रतिशत | ३००० |
| ०९ | ०९-२०७७/०७८ | नारिन घाट | ५४४६३७.०० | ३२,६७,८२५ | कबोल अंकको ५ (पाँच) प्रतिशत | ३००० |

**बोलपत्र सम्बन्धी शर्तहरु**

- फर्मको हकमा नवीकरण भएको दर्ता प्रमाणपत्र,आ.व. २०७६/२०७७ को कर चुक्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि र व्यक्तिको हकमा नेपाली नागरिकताको प्रमाणपत्रको प्रामाणित प्रतिलिपि,बोलपत्र फारम दस्तुर बापत यस कार्यालयमा नगदै तिरेको वा राष्ट्रिय बाणिज्य बैंक शाखा कार्यालय गोरखामा रहेको यस कार्यालयको खाता नं.३०६०१००३०१०१०००७ मा नगद जम्मा गरेको नगद भौचर साथ निवेदन पेश गरि यो सुचना प्रथम पटक प्रकाशन भएको मितिले १५ औं दिनको कार्यालय समय भित्र कार्यालयबाट बोलपत्र फाराम खरिद गर्न सकिनेछ । साथै विधुतीय माध्यमबाट बोलपत्र पेश गर्न चाहने बोलपत्र दाताले सार्वजनिक खरिद अनुगमन कार्यालयको www.bolpatra.gov.np बाट बोलपत्र सम्बन्धी कागजातहरु डाउनलोड तथा अपलोड गर्न सक्ने व्यवस्था गरिएको छ । तोकिएको बोलपत्र दस्तुर यस कार्यालयको राजश्व शाखा वा यस कार्यालयको बैंक खातामा माथि उल्केखित खाता नं. मा जम्मा गरेको भौचरलाई बोलपत्र सम्बन्धी कागजात साथ संलग्न गर्नुपर्नेछ । बोलपत्र पेश गर्ने अन्तिम दिन सार्वजनिक बिदा पर्न गएमा सोको लगतै पछिको कार्यालय खुल्ने दिन उल्लिखित कार्य हुनेछ ।
- बोलपत्र सम्बन्धी फाराम भर्दा कबोल रकम अक्षर र अंकमा स्पष्ट उल्लेख गर्नु पर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरलाइ मान्यता दिइनेछ । आफूले कबोल गरेको अंकको ५% रकम यस कार्यालयको धरौटी खाता नं.३०६०१००३०३००००७ जम्मा गरी सो सक्कल बैंक भौचर वा इजाजत प्राप्त बैंकबाट यस कार्यालयको नाममा बोलपत्र नं. र नाम उल्लेख गरी १२० दिनको म्याद सहित जारी गरिएको बिडबण्ड सिलबन्दी खाम साथ पेश गर्नु पर्नेछ ।

प्र.प्रशासकीय अधिकृत

खरिद गरेको बोलपत्र फारामहरुमा उल्लेख भएका सबै बिवरणहरु भरी बोलपत्र दाताले प्रत्येक पानामा सहिछाँप गरी सिलबन्दी गरी खाम बाहिर फर्मको नाम,ठेगाना,कामको विवरण,बोलपत्र विवरण,प्रोपाइटरको नाम,ठेगाना,फोन नं,मोबाइल नं.समेत स्पष्ट खुलाइ फर्मको छाँप लगाइ दोश्रो पटक सूचना प्रकाशित भएको मितिले १६ औं दिन दिनको १२:०० बजे भित्र यस कार्यालयमा हार्ड कपी वा विधुतीय कपी दर्ता गराउनु पर्नेछ ।

- खरिद गरिएको एक फर्म वा संस्थाको नाममा खरिद गरिएको बोलपत्र अर्को फर्म वा संस्थाका नामबाट दाखिला गर्न पाइने छैन । रितपूर्वक पर्न आएका बोलपत्र सम्बन्धी कागजातहरु पेश गर्ने अन्तिम दिनको २:०० बजे देखि विभिन्न कार्यालयका प्रतिनिधी,निर्माण व्यवसायी वा निजको प्रतिनिधीहरुको रोहवरमा यस कार्यालयमा खोलिनेछ साथै बोलपत्र दाता वा निजको प्रतिनिधी बोलपत्र खोल्ने समयमा उपस्थित नभएमा बोलपत्र खोल्न बाधा पर्ने छैन । उक्त दिन बिदा परेमा सो कार्य विदाको लगतै पछि कार्यालय खुलेको दिनमा गरिने छ ।
- बोलपत्र सम्बन्धी विस्तृत जानकारी बोलपत्र सम्बन्धी फाराममा उल्लेख गरिएको हुदा सो पुस्तिकाबाट अवगत गर्न वा यस कार्यालयमा सम्पर्क राख्न सकिने छ । म्याद नाघि रित नपुगि वा शर्त सहित पेश हुन आएका बोलपत्र स्वीकार गर्न यस कार्यालय बाध्य हुनेछैन ।
- बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्बन्धी सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहने छ ।
- बोलपत्र स्वीकृत भएका सो को सूचना पाएको वा घरदैलामा सूचना टाँस भएको मितिले १५ दिन भित्र मू.अ.कर दर्ता प्रमाणपत्र समेत लिइ कबोल अंकको प्रथम किस्ता बापत ५० प्रतिशतले हुने रकम अनिवार्य बुझाउनु पर्नेछ । दोस्रो किस्ता बापत ५० प्रतिशतले हुने रकम नेपाल राष्ट्र बैंक बाट इजाजत प्राप्त बैंकबाट यस कार्यालयको नाममा २०७८ साल श्रावण मसान्त सम्म म्याद सहित जारी गरिएको बैंक ग्यारेण्टि समेत पेश गरी पट्टा उठाउनु पर्नेछ ।
- बोलपत्र कबोल गर्ने व्यक्ति वा फर्मले आफूले कबोल गरेको अंक,सेवा शुल्क बापत हुन आउने जम्मा रकमको नियमानुसार थप १३ प्रतिशत भ्याट रकम समेत यस कार्यालयमा बुझाउनु पर्नेछ । नियमानुसार नेपाल सरकारलाइ आय कर तथा अन्य कर बोलपत्र दाताले छुट्टै बुझाउनु पर्नेछ ।
- तोकिएको म्याद भित्र पट्टा उठाउन नआएमा राखिएको धरौटि रकम जफत गरी नियमानुसार बोलपत्र बन्दोबस्त गरिनेछ
- कुनैपनि शर्त राखी पेश गरेको र रित नपुगेको वोलपत्र माथि कुनै कारवाही गरिने छैन
- वोलपत्र पेश गर्दा राखेको ५% धरौटी रकम सम्झौता भएपछि मात्र फिर्ता दिईने छ ।
- पेश भएका वोलपत्र स्वीकृत गर्ने वा अस्वीकृत गर्ने अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ ।
- यस सूचना र वोलपत्र फाराममा उल्लेख भए वाहेक अन्य कुराहरु प्रचलित ऐन,नियम अनुसार रहने छ ।

प्रमुख प्रशासकीय अधिकृत

गोरखा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
डुम्रीडाँडा, गोरखा
गण्डकी प्रदेश, नेपाल